माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खास्ताप, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

सूचना नं : ३१/२०८२/८३

मिति : २०८३/०२/२१

**विषय: तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा कोशी प्रदेश सरकारबाट जारी "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" को दफा २७ को उपदफा (३) तथा माप्य दुधकोशी गाउँपालिकाको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा (१) तथा कार्यविधिको दफा ७ बमोजिम योग्यता पुगेका र यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्रमा तह वृद्धिका लागि देहायका कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**<u>आवश्यक कागजातहरु :</u>**

- सेवा अवधि पुष्टि गर्ने नियुक्ती/बढुवा/ स्तरवृद्धि/तहवृद्धिको प्रमाणित प्रतिलिपि,
- समायोजन भएको भए समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि,
- पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन
- विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
- पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)
- सेवा समुहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यता खुल्ने प्रमाणित कागजातहरुको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

..................
गजेन्द्र भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत